# बालविवाह मुक्त क्षेत्र घोषणा कार्यविधि,२०८२

| |
|---|
| कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०८।०३ |

| |
|---|
| प्रमाणिकरण मितिः २०८२।०८।०३ |

रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

बलरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सर्लाही जिल्ला,मधेश प्रदेश, नेपाल

CamScanner

## बालविवाह मुक्त क्षेत्र घोषणा कार्यविधि, २०८२

बलरा नगरपालिकामा बालविवाह मुक्त अभियान सञ्चालन गरी बालविवाह मुक्त वडा तथा पालिका निर्माण गरी बालअधिकारको संरक्षण र प्रवर्धन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र बलरा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐनले दिएको अधिकार प्रयोग गरी बलरा नगरपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** यस कार्यविधिको नाम "बालविवाह मुक्त क्षेत्र घोषणा कार्यविधि, २०८२" रहेको छ।

२. यो कार्यविधि बलरा नगरपालिकाको बैठकले स्वीकृत वा अनुमोदन गरेको मितिदेखि लागू हुनेछ।

३. **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:**

(क) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेका बालबालिका सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले बलरा नगरपालिकाको **"बालविवाह मुक्त क्षेत्र घोषणा कार्यविधि, २०८२"** सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले बलरा नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

(घ) "प्रमुख" भन्नाले बलरा नगरपालिकाको "प्रमुख" सम्झनु पर्छ।

(ङ) "उपप्रमुख" भन्नाले बलरा नगरपालिकाको "उपप्रमुख" सम्झनु पर्छ।

(च) "कार्यपालिका सदस्य" भन्नाले बलरा नगरपालिकाको सदस्यलाई सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ज) "पीडित" भन्नाले बालविवाह भएका वा हुन सक्ने जोखिममा रहेका व्यक्ति सम्झनु पर्दछ।

(झ) "समिति" भन्नाले यस बलरा नगरपालिकाको कार्यविधि अनुसार गठन भएको समिति सम्झनु पर्छ।

(ञ) "बालविवाह" भन्नाले नेपालको प्रचलित क़ानुन बमोजिम तोकिएको उमेरभन्दा अगाडि गरिने सबै किसिमका विवाहलाई सम्झनु पर्छ।

(ट) "वडा अध्यक्ष" भन्नाले बलरा नगरपालिका अन्तर्गतका वडा अध्यक्षलाई सम्झनु पर्दछ।

(ठ) "वडा सदस्य" भन्नाले बलरा नगरपालिका अन्तर्गतका वडा समितिका वडा सदस्य सम्झनु पर्दछ।



रामाशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

CamScanner

(ङ) 'सामाजिक संस्था' भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था [illegible] जनाउँछ।

(च) 'निजी संस्था' भन्नाले कानून बमोजिम दर्ता भई स्थापना भएको नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य फर्म वा कम्पनी समेतलाई जनाउँछ।

(छ) "रणनीति" भन्नाले "बलरा नगरपालिका बाल विवाह मुक्त क्षेत्र घोषणा" र "बालविवाह मुक्त वडा तथा नगरपालिका घोषणा दिगोपनाको रणनीति" सम्झनु पर्दछ।

## परिच्छेद - २

## बालविवाह मुक्त पालिका र वडा घोषणा गर्दा अपनाइने प्रक्रिया

४. बलरा नगरपालिका तहमा विभिन्न उमेर, लिंग, जातजाति, वर्ग, धर्म, आस्था र समुदायका बालबालिका, किशोरकिशोरी, शिक्षक, स्थानीय बाल अधिकार समिति, वडा बालअधिकार समिति, समाजसेवी, नागरिक समाज, धार्मिक अगुवा, जातीय अगुवा, प्रहरी, सेवा निवृत्त कर्मचारी, अभिभावकसँग बाल विवाहका विद्यमान कारणहरु र सोको समाधानका उपायहरुका बारेमा छलफल गरी बलरा नगरपालिका स्तरीय बालविवाह अन्त्य सम्बन्धी कार्य योजना निर्माण गर्ने।

५. नगरपालिकाको सबै वडाहरुमा विवाहको अवस्थाको तथ्यांक संकलन तथा अध्यावधिक गर्ने।

६. विवाहको तथ्यांकको आधारमा बालविवाह भए गरेको पाईएको वस्ती, टोल, समुदाय तथा वडा केन्द्रित कार्यक्रम सञ्चालन गर्ने।

७. बलरा नगरपालिका तथा वडास्तरमा बालविवाह मुक्त घोषणाका लागि स्थानीय सरोकारवालाहरु समावेश गरी सर्वपक्षीय प्रारम्भिक बैठक आयोजना गर्ने र विद्यालय केन्द्रित अभियान सञ्चालन गर्ने।

८. बालविवाह विरुद्ध बालबालिकाहरुमा सचेतना अभिवृद्धि गर्न बाल अधिकार अभियन्ताहरु तयार गरी बालबालिकाको नेतृत्वमा विभिन्न अभियान एवम् क्रियाकलाप सञ्चालन गर्ने।

९. पालिका/वडास्तरीय सरोकारवालाहरुबीचको बैठकमा बालविवाह मुक्त नगरपालिका र वडा घोषणा गर्न आधारभूत सूचक माथि छलफल गर्ने।



रामाशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

१०. पालिका, वडा कार्यालय तथा सरोकारवाला संघ-संस्थाहरुबाट विनियोजित बजेटलाई समन्वय गरी पालिका तथा वडास्तरीय बालअधिकार समितिमार्फत बालविवाह मुक्त वडा र पालिकाको लागि कार्य योजना अन्तर्गत केन्द्रित कार्ययोजना निर्माण गरी विभिन्न बस्ती, टोल, विद्यालय तथा समुदायस्तरमा तालिम, घरदैलो, हस्ताक्षर अभियान, र्‍याली, अभिमुखीकरण, सडक नाटक तथा अन्तर्क्रिया आदि जस्ता कार्यक्रम सञ्चालन गर्ने ।

११. पालिका तथा वडा बालअधिकार समिति, विभिन्न राजनैतिक दल, स्थानीय प्रहरी, स्थानीय संघ संस्था बालक्लव, बालक्लब संजाल, किशोरी क्लब, युवा क्लब, विद्यालय, स्थानीय धामीझाँक्री, महिला समुह, सिलाईकर्मी बाद्यवाधक, सिंगारकर्मी, सेवा निवृत्त कर्मचारी, संचारकर्मी, निगरानी समुह, आमा समुह, धार्मिक गुरुहरु र स्थानीय राजनीतिक दलमार्फत घरदैलो अभियान एवं हस्ताक्षर संकलन अभियान सञ्चालन गर्ने ।

१२. पालिका स्तरमा बालविवाहको अवस्था विषयक राजनैतिक दल, बालअधिकार समिति, बालक्लब, किशोरी क्लब, सेवा निवृत्त कर्मचारी, धार्मिक गुरु, धामीझाँक्री, महिला सञ्जाललगायतका सरोकारवालाहरु बीच सार्वजनिक अन्तरक्रियात्मक संवाद एवम् सुनुवाई कार्यक्रम सञ्चालन गर्ने ।

१३. पालिकालाई बालविवाह मुक्त घोषणाका लागि स्थानीय बालअधिकार समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय गर्ने र वडालाई बालविवाह मुक्त घोषणाका लागि वडास्तरीय बालअधिकार समितिको निर्णयअनुसार स्थानीय बालअधिकार समितिको सिफारिसमा नगर कार्यपालिकाको बैठकबाट निर्णयानुसार बालविवाह मुक्त वडा/पालिका घोषणाका लागि मिति, स्थान तय गरी विभिन्न तयारी उपसमितिहरु निर्माण गर्ने ।

१४. बालविवाह मुक्त पालिका घोषणाका लागि स्थानीय रेडियो, अनलाइन मिडिया र पत्रिकाहरुसँगको समन्वय सहयोग तथा साझेदारीमा प्रचार प्रसार गर्ने ।

१५. स्थानीय धार्मिक गुरु, जातीय अगुवा, धामीझाँक्री, पुरोहित, पण्डित, मौलाना, पाष्टर, लामा तथा ज्योतिषहरुमार्फत आजको दिनदेखि २० वर्षभन्दा मुनिका व्यक्तिहरुको विवाहको लगन नजुराउने तथा विवाह नगराउने प्रतिबद्धता गराउने ।

१६. पालिकाले स्थानीय प्रहरीसँग समन्वय गर्ने र बालविवाह नगराउनका लागि सामुदायिक जागरण तथा अन्तरक्रियाका साथै विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गराउने ।

१७. बालविवाह मुक्त वडा र पालिकालाई घोषणा कार्यक्रमका लागि विभिन्न स्थानीय सांस्कृतिक झलक, स्थानीय पहिरन र बाजागाजाहरु तथा अन्य सचेतनामूलक विभिन्न कला प्रस्तुतिहरुको तयारी गराउने ।



रामाशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

१८. बालविवाह मुक्त वडा र पालिका घोषणा सभाको आयोजना गर्ने र बालविवाह मुक्त पालिका/वडामा सहयोग पुऱ्याउने व्यक्ति, संघ/संस्था तथा निकायहरुलाई सम्मान गर्ने ।

१९. बालविवाह मुक्त वडा घोषणाका लागि वडाको बालअधिकार समितिले तथा पालिकालाई बाल विवाह मुक्त घोषणाका लागि स्थानीय बालअधिकार समितिले नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

२०. नगरपालिका तथा वडास्तरमा सञ्चालन भएका विभिन्न बालविवाह मुक्त अभियानहरुको प्रभावकारिता तथा असल सिकाईहरुको प्रचार प्रसार गर्ने ।

२१. बालविवाह मुक्त वडा तथा नगरपालिका घोषणा भएपछि सर्वपक्षीय छलफलबाट बालविवाह मुक्त क्षेत्र घोषणाका सूचकहरुमा प्रगति कायम राख्न पालिका तथा वडा तहमा देहायअनुसारको एक अनुगमन संयन्त्र सहितको योजना निर्माण गर्ने ।

२२. बालविवाह मुक्त वडा तथा पालिका घोषणा भएपछि सर्वपक्षीय छलफलबाट बालविवाह मुक्त क्षेत्र घोषणाका सूचकहरुमा प्रगति कायम राख्न पालिका तथा वडा तहमा देहाय बमोजिमको अनुगमन समिति रहने छ ।

**क) नगरपालिका स्तरीय अनुगमन समिति**

१. संयोजक– प्रमुख, बलरा नगरपालिका
२. सदस्य – उपप्रमुख
३. सदस्य – स्थानीय बाल अधिकार समितिको प्रतिनिधि
४. सदस्य – प्रमुख, शिक्षा शाखा
५. सदस्य – प्रमुख, स्वास्थ्य शाखा
६. सदस्य – वडा अध्यक्ष मध्ये १ जना
७. सदस्य–सचिव – महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख

आमन्त्रितको रुपमा गाउँ कानून व्यवसायी, सेवा निवृत्त कर्मचारी र बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थाका प्रतिनिधिलाई राखिएको छ ।

**ख) वडास्तरीय अनुगमन समिति**

१. संयोजक – वडाअध्यक्ष
२. सदस्य – मा.वि. विद्यालयका प्र.अ.
३. सदस्य – नेपाल प्रहरी प्रतिनिधि
४. सदस्य – वडा स्वास्थ्य प्रमुख वा प्रतिनिधि
५. सदस्य – सेवा निवृत्त कर्मचारी
६. सदस्य – बालक्लबको अध्यक्ष



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

७ सदस्य सचिव – वडा सचिव

नगर र वडास्तरीय अनुगमन समिति आफैले कार्यविधि निर्धारण गरी कार्य गर्न सक्नेछ ।

परिच्छेद - ३

## वडा र नगरपालिकालाई बालविवाह मुक्त घोषणाका सूचकहरु

वडाहरु र नगरपालिकालाई बालविवाह मुक्त क्षेत्र घोषणा गर्नका लागि देहायअनुसारका सूचकमा ९० प्रतिशतभन्दा बढी अंक हासिल गरेको हुनुपर्नेछ । बालविवाह मुक्त क्षेत्र घोषणा गर्नुअघि नगरपालिका र सम्बन्धित वडाले सूचक प्राप्तिको सुनिश्चितताको लागि मूल्यांकनको प्रभावकारी व्यवस्था गर्नुपर्नेछ ।

२३. वडा र नगरपालिकामा विवाहका घटनाहरुको तथ्याङ्क तथा अभिलेख चुस्तदुरुस्त राखेको हुनु पर्नेछ ।

२४. नगरपालिकामा बाल संरक्षण प्रणाली स्थापना भएको (बालसंरक्षण सम्बन्धी कार्यविधि स्वीकृत भई कार्यान्वयन भएको, बालविवाह अन्त्यसम्बन्धी कार्य योजना तयार भएको बालकल्याण अधिकारीको व्यवस्था भएको, बालकोष स्थापना भएको) हुनु पर्ने ।

२५. सबै वडाहरुमा बालबालिकाहरुको जन्मदर्ता अनिवार्य हुनु पर्ने ।

२६ वडास्तरीय र नगरस्तरीय बालअधिकार समितिहरु गठन भइ क्रियाशील भएको हुनु पर्ने ।

२७. नगरपालिकास्तरमा भएका समुदायमा आधारित संस्था/समिति/निगरानी समूहहरु बालविवाह विरुद्ध सक्रिय एवम् क्रियाशील भएका हुनु पर्ने ।

२८. बालविवाहका घटनाहरुको उजुरी तथा सम्बोधन संयन्त्र वडा तथा पालिकास्तरमा निर्माण भई सञ्चालनमा आएको हुनु पर्ने ।

२९. धामीझाँक्री, वाद्यवादन, पण्डित, मौलाना तथा पुरोहित आदिले बालविवाह विरुद्धको अभियानमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको हुनु पर्ने ।



रामाशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

३०. घरदैलो अभियानमार्फत बस्ती तथा वडाका सबै बालबालिका, किशोरकिशोरी, र अभिभावकहरूलाई बालविवाहका विषयमा सचेत गराई बालविवाह हुन नदिने प्रतिबद्धता गराएको हुनु पर्ने ।

३१ बालबालिका आफैंले गरेको स्वेच्छिक विवाह गरेको पाईएमा मनोपरामर्श सेवा दिई बालबालिकालाई आफ्नै अभिभावकको जिम्मा दिने व्यवस्था मिलाउने ।

३२. बालविवाह मुक्त वडा घोषणा गर्नको लागि वडाको वार्षिक तथ्यांक अनुसार जम्मा विवाह मध्ये उमेर पुगी गरेको वा कानूनले स्वीकार गरेको विवाहको तथ्यांकमा ९५ प्रतिशत वा सोभन्दा बढी पुगेको हुनु पर्ने ।

३३. नगरपालिकालाई बालविवाह मुक्त घोषणा गर्नका लागि नगरपालिकाका सबै वडाहरु बालविवाह मुक्त वडा घोषणा भएको हुनु पर्ने ।

## परिच्छेद - ४

## सरोकारवालाहरुको भूमिका

३४. जन्म दर्तालाई बालबालिकाको नैसर्गिक अधिकारको रुपमा लिई १८ वर्ष मुनिका सम्पूर्ण बालबालिकाको जन्मदर्ता गर्न सबै सरोकारवालाहरुले सहयोग गर्ने ।

३५. बालविवाहका घटनाको न्यायिक प्रक्रियामा हुने हस्तक्षेपलाई पूर्णरुपमा रोक्नका लागि सबै सरोकारवालाहरु प्रतिबद्ध भई सहयोग गर्ने ।

३६. विद्यालय, समुदाय एवम् सम्पूर्ण सार्वजनिकस्थलमा बालसंरक्षण सम्बन्धी संयन्त्रमार्फत आचार संहिता निर्माण गरी पूर्णरुपमा लागू गर्ने ।

३७. बालविवाह विरुद्धको अभियानमा सबै पक्षले स्थानीय बालअधिकार समिति तथा वडा बालअधिकार समितिसँग आवश्यक सहयोग र सहकार्य गरी बालविवाह निषेध गर्न सहयोग गर्ने ।

३८. सबै सरकारी तथा गैरसरकारी संघ/संस्थाहरुले आ-आफ्नो क्षेत्रमा सञ्चालन गरिने कार्यक्रममा बालविवाह विरुद्धको अभियानमा सहयोग पुग्ने क्रियाकलापं समावेश गरी सञ्चालन गर्ने ।



रामाशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

३९ बालविवाह सम्बन्धी घटनाको स्थलगत अनुगमनपछि प्रतिवेदन तयार गरी सम्बन्धित वडा बालअधिकार समिति मार्फत कारवाहीका लागि सिफारिस गर्ने ।

४० स्थानीय बालअधिकार समितिको अगुवाइमा बालविवाह सम्बन्धी पालिकास्तरीय कार्य योजना निर्माण गरी लागू गर्ने ।

४१. बालविवाह मुक्त वडा र पालिका घोषणा पश्चात् पनि समुदायस्तरमा नियमित कार्यक्रमहरु सञ्चालन गर्ने ।

## परिच्छेद - ५

## बालविवाह मुक्त वडा तथा पालिका घोषणा दिगोपनाको रणनीति

४२. बालविवाह मुक्त वडा तथा बलरा नगरपालिका घोषणा पश्चात् वडा तथा पालिकास्तरीय बालअधिकार समितिको नेतृत्वमा सबै सरोकारवालाहरु र बालबालिकाहरु सहितको उपस्थितिमा प्रतिबद्धता गर्ने ।

४३. बालविवाह मुक्त वडाका सूचकहरुको प्रगति कायम राख्न तथा वार्षिक कार्ययोजना कार्यान्वयनका बनाई लागु गर्ने ।

४४. बालबालिकाहरुको जन्मदर्ता सुनिश्चित गर्ने ।

४५. बालविवाहका घटनाको उजुरी लिई पारिवारिक मिलन गराउनु पर्ने छ ।

४६. पालिका तथा वडास्तरमा अर्धवार्षिक/वार्षिक रुपमा बालविवाहको अवस्थाको बारेमा सरोकारवालाहरुसँग छलफल एवम् समीक्षा गर्ने ।

## परिच्छेद - ६

## विविध

४७. यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

४८ **बाधा अडकाउ फुकाउने अधिकार:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा व्याख्या ग अधिकार बलरा नगरपालिका कार्यपालिकालाई हुनेछ ।

४९ **संशोधन** : यस कार्यविधिमा आवश्यकता अनुसार कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

प्रमाणिकरण मिति : २०८२/..../...

रामाशंकर प्रसाद कुशवाहा
नगर प्रमुख